# शहिद लखन गाउँपालिकाले प्रदान गरेको सेवा प्रवाह र विकास निर्माणबारे सार्वजनिक सुनुवाई कार्यक्रम-२०७९ प्रतिवेदन

सहजीकरण

सहमत मिडिया प्रालि

## शहिद लखन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, घैरुङ-गोरखा ।

## २०७९ चैत्र १४ गते

## विषय सूची

१. विषय प्रवेश ......................................
२. सार्वजनिक सुनुवाईको उद्देश्य .......................
३. सार्वजनिक सुनुवाई कार्यक्रमको तयारी ..........................
४. सार्वजनिक सुनुवाई कार्यक्रम ................................
५. सार्वजनिक सुनुवाईका सहभागीहरु.................... .........
६. सहभागीहरुको लिखित तथा मौखिक प्रश्नको जवाफ .............
७. निष्कर्ष .......................................
८. अनुसूचिहरु .......................................
अनुसूची १ : सार्वजनिक सुनुवाई कार्यक्रमको सञ्चारमाध्यममा प्रसारित सूचना ....
अनुसूची २ : सार्वजनिक सुनुवाई कार्यक्रममा पालना गर्नुपर्ने आचारसंहिता ..
अनुसूची ३ : नागरिक प्रतिबेदन र बहिर्गमन अभिमत ................
अनुसूची ४ : सार्वजनिक सुनुवाई कार्यक्रमको कार्यक्रम तालिका ..........
अनुसूची ५ : सार्वजनिक सुनुवाई कार्यक्रमका केही तस्वीरहरु ........
अनुसूची ६ : कार्यक्रममा उठेका प्रश्न, जिज्ञासा तथा जवाफ .......
अनुसूची ७ : सार्वजनिक सुनुवाई कार्यक्रमको उपस्थिति ..........
अनुसूची ८ : सार्वजनिक सुनुवाई कार्यक्रमको समाचार ..........

## १. पृष्ठभुमी

लोकतन्त्रका हरेक पहरेदारले शिक्षा, स्वास्थ्य र रोजगारीसहित नागरिकका आधारभूत अधिकार र सार्वजनिक सेवा प्रवाहमा राज्य संयन्त्रलाई खबरदारी गर्नुपर्छ। नागरिकहरुको विवेकपूर्ण हस्तक्षेपले सार्वजनिक निकायहरु जवाफदेही हुन्छन्। संघीय शासन प्रणाली अन्तर्गत आम नागरिकको स्थानीय सरकारको क्षेत्राधिकार भित्र प्रत्यक्ष सरोकार रहने तथा सरोकारका व्यक्ति र निकायको अर्थपूर्ण एवम् रचनात्मक सहभागीताका लागि सार्वजनिक सुनुवाई कार्यक्रम अपरिहार्य र अनिवार्य छ। स्थानीय सरकारको कानून, नीति, कार्यक्रम, निर्णय र सेवा प्रवाह सम्बन्धि सूचनाहरु अद्यावधिक गर्नुका साथै सरोकारवाला सामु पुऱ्याउनु पर्ने दायित्व छ। नागरिक सहभागीता र सेवाप्रदायकको जवाफदेहिता अभिवृद्धि गर्न सार्वजनिक सुनुवाई कार्यक्रमको परिकल्पना गरिएको छ।

लामो समयपछि नेपालका स्थानीय तह परिमार्जन सहित जनप्रतिनिधीको हातमा पुगेको छ। स्थानीय सरकारले पहिलो कार्यकाल व्यतित गरेर दोश्रो कार्यकाल सुरु गरिसकेका छन्। राज्यको संरचना मार्फत राज्यशक्तिको बाँडफाँट जनतामा विकेन्द्रित भएको छ। जनताका घर आँगनमा सरकार पुगेको छ। तर घर आँगनका सरकार जनताप्रति उत्तरदायी छन् कि छैनन् भन्ने कुराको जाँच स्वयं नागरिकले गर्नुपर्छ। देशका सार्वजनिक प्रशासनहरु जनमुखी, जवाफदेही, पारदर्शी, समाबेशी तथा सहभागितामुलक बनाएर त्यसको प्रतिफल सबै नागरिकलाई उपलब्ध गराउनु राज्यको दायित्व हो।

कानुनको शासन, चुस्त दुरुस्त प्रशासन, आर्थिक अनुशासन, उत्तरदायी र जिम्मेवारपूर्ण कर्मचारी, कर्तब्योन्मुख उपभोक्ता देश विकासको मुख्य आधार मान्न सकिन्छ। स्थानीय स्तरको विकास समग्र देश विकासकै सुचक भएको हुँदा नेपाल सरकारले स्थानिय तहलाई समुचित तवरले विकासोन्मुख गति तर्फ अघि बढाउन उपलब्ध गराउने अनुदानका अतिरिक्त स्थानीय तह आँफै राजस्व संकलन गर्ने र सोको उचित परिचालन गर्ने व्यवस्था नयाँ अवधारणा हो। आवश्यक्ताहरु, प्राथमिकताहरु, उपलब्ध अवसर तथा साधन श्रोतको तुलनामा निकै चूनौतिपूर्ण छन्। विकास जनताको नजिक र सेवा सुविधाहरु जनताको वरपर पुऱ्याउनु सुशासनप्रतिको विश्वासको वलियो आधार हो। विकेन्द्रिकरणको मर्म जनसहभागितामा आधारित निर्णय प्रक्रियाको अभ्यास गर्दै तय गरिएका योजनाहरुको प्रतिफलमा कुनै शंका हुँदैन। आम जनताको चाहनालाई योजनामा केन्द्रित गर्ने कुरा सामान्य छैन। तर अझैपनि प्राथमिकताले नभई पहुँचले अवसर पाउने परम्परा जिवीवत छ।

तोकिएको व्यवस्था अनुसार कार्यालयको काम कारवाही स्वच्छ, पारदर्शी बनाउन, सबैलाई अधिकार र कर्तब्यको बोध गराउन र सर्वसाधारण तथा सरोकारवालाको जायज सरोकारलाई सम्बोधन गर्न सार्वजनिक सुनुवाई गराउनुपर्ने हुन्छ। आफ्ना कामबारे जनताले जाँच्छन्। उनीहरुको प्रतिक्रिया सुन्न र गल्ती नदोहोऱ्याउन यस्ता कार्यक्रम प्रभावकारी पनि छन्। पालिकाबाट गरिएका विकास निर्माण कार्यक्रम, उपलब्ध सेवाका सम्बन्धमा सार्वजनिक गरि सेवाग्राही नागरिकले उठाएका प्रश्नहरूमा स्पष्टता ल्याउने र नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गरी जिम्मेवार सरकार बनाउन सार्वजनिक सुनुवाईको परिकल्पना गरिएको हो। हरेक स्थानीय तहको संस्थागत क्षमता स्वः मुल्यांकनका लागि पनि सार्वजनिक सुनुवाई अपरिहार्य बनाइएको छ। यसको अभ्यास गोरखाको शहिद लखन गाउँपालिकाले निरन्तर गर्दै आएको छ। गाउँपालिकाको आयोजनामा २०७९ चैत्र १४ गते वडा नम्बर ८ स्थित सामुदायिक भवनमा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको छ।

## २. सार्वजनिक सुनुवाईका उद्देश्य

- कार्यालयबाट संचालित कार्यक्रम, उपलब्ध सेवा र सुविधा सार्वजनिक गर्ने,
- कार्यालयसँग सम्बन्धित समस्या, जनगुनासो तथा उजुरीको विषयमा सुनुवाई गर्ने
- कार्यालयबाट सञ्चालन गरिएका योजना, परियोजना, कार्यक्रम, बजेट आदिका बारेमा सरोकारवाला तथा इच्छुकलाई विस्तृत जानकारी दिने
- कार्यालयले आफूले सञ्चालन गरेका कार्यक्रमको सकारात्मक वा नकारात्मक प्रभावका बारेमा मुल्याङ्कन गर्ने र सुधारको बाटो पहिल्याउने
- सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने
- नागरिकवाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्ने तथा जिम्मेवार संस्कार बसाउन सार्वजनिक सुनुवाई गर्ने कार्य प्रक्रियालाई मार्गदर्शन गर्नु यस कार्यविधिको उद्देश्य रहनेछ।

## ३. सार्वजनिक सुनुवाई कार्यक्रमको तयारी

क) सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गर्नको लागि व्यवस्थापन तथा सहकार्यको जिम्मेवारी सहमत मिडिया प्रालिलाई दिईयो ।

ख) सार्वजनिक सुनुवाई कार्यक्रमलाई ब्यबस्थित रुपमा सम्पन्न गर्नको लागि शहिद लखन गाउँपालिका अध्यक्ष रमेश बाबु थापा मगर, उपाध्यक्ष इन्दिरा तिवारी र प्रमुख प्रशासकीय अधिकृत बाबुराम मगर सहित कार्यक्रम समूहको बैठक बस्यो र आवश्यक तयारी थाल्यो । त्यसअघि कार्यक्रमबारे कार्यपालिका बैठकले नै निर्णय गरिसकेको थियो । सोही निर्णय अनुसार कार्यक्रमको तयारी थालिएको हो ।

ग) सार्वजनिक सुनुवाई कार्यक्रममा आम नागरिकहरुलाई पनि प्रत्यक्ष संलग्न गराउने उद्देश्यका साथ पालिकाका विभिन्न ठाउँ र भेगमा रहेका नागरिक र उपभोक्ता तथा सरोकारवालाहरुलाई पत्राचार गरिएको थियो । साथै वडा र पालिकाको सुचना पाटीमा पनि टाँसिएको थियो । कार्यक्रममा सहभागिताका लागि माइकिङ समेत गरिएको थियो । (***प्रवाह भएको सूचनाको नमूना <u>अनुसूची १</u> मा रहेको छ ।***)

ग) सार्वजनिक सुनुवाई कार्यक्रमलाई व्यवस्थित र सभ्य ढंगबाट सम्पन्न गर्नको लागि आचार संहिताको निर्माण गरियो । यो आचार संहितालाई सार्वजनिक सुनुवाई कार्यक्रमका सहभागीलाई सुनाएर उनीहरुबाट अनुमोदन गराई कार्यक्रम अवधिभरका लागि लागू गरिएको थियो ।
(***आचार संहिताको नमूना <u>अनुसूची २</u> मा रहेको छ ।***)

## ४. सार्वजनिक सुनुवाई कार्यक्रम

पूर्व निर्धारित कार्यक्रम अनुसार सार्वजनिक सुनुवाई २०७९ चैत्र १४ गते दिउँसो साढे १२ बजेदेखि शुरु भयो । सार्वजनिक सुनुवाई कार्यक्रम झण्डै ५ घण्टा सञ्चालन भएको थियो । कार्यक्रमलाई औपचारिक रुपमा नै शुरु गरिएको थियो । सहमत मिडिया प्रालिका प्रकाश ढकालले कार्यक्रममा सञ्चालकको भूमिका निर्वाह गर्नुभएको थियो । गाउँपालिकाका अध्यक्ष रमेश बाबु थापा मगर ज्यूको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष इन्दिरा तिवारीले स्वागत गर्नुभएको थियो भने कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै कार्यालयको सेवा प्रवाहका बारेमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत बाबुराम मगर ज्युले जानकारी गराउनुभएको थियो । प्रमुख जवाफदेहीका रुपमा गाउँपालिका अध्यक्ष रमेशबाबु थापा मगर सँगै, उपाध्यक्ष इन्दिरा तिवारी, प्रमुख प्रशासकीय अधिकृत बाबुराम मगर, वडाध्यक्षहरु, विभिन्न शाखाका प्रमुखहरु, अन्य जनप्रतिनिधिहरु, पत्रकार, उपभोक्ता समिति र टोल विकास संस्थाका प्रमुख प्रतिनिधि र नागरिक समाजका प्रतिनिधिहरुलाई आसन ग्रहण गराईसकेपछि सहजकर्ता प्रकाश ढकालले कार्यक्रममा थप सहजीकरण गर्नुभयो ।

त्यसपछि सहजकर्ताले सार्वजनिक सुनुवाई आचारसंहिता सहभागीहरुबाट अनुमोदन गराउँदै सार्वजनिक सुनुवाई कार्यक्रममा सबैले पालना गर्नुपर्ने नियमका बारेमा जानकारी गराउनुभयो । कार्यक्रममा पालिकाका विभिन्न वडामा पुगेर भरिएको नागरिक प्रतिवेदन र कार्यालयबाट सेवा लिएर फर्किँदै गरेका सेवाग्राहीसँग भरिएको बहिर्गमन अभिमतको प्रतिवेदन सहजकर्ताले नै सार्वजनिक गर्नुभयो । पालिकाका प्रमुख प्रशासकीय अधिकृत बाबुराम मगर ज्यूले हालसम्म सम्पन्न कार्यक्रम तथा बजेटका बारेमा जानकारी गराउनुभयो । त्यसअघि नै उपाध्यक्ष इन्दिरा तिवारी ज्यूले कार्यक्रमका सहभागीलाई स्वागत र कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो । त्यसपछि गाउँपालिका र वडाका सेवा प्रवाह तथा विकास निर्माणका विषयमा सहभागीबाट लिखित र मौखिक प्रश्नहरुको संकलनको लागि खुला छलफल सुरु भएको थियो ।
***(सार्वजनिक सुनुवाई कार्यक्रमको कार्यक्रम तालिका <u>अनुसूची ४</u> मा रहेको छ । )***

## ५. सार्वजनिक सुनुवाईका सहभागीहरु

सार्वजनिक सुनुवाई कार्यक्रममा शहिद लखन गाउँपालिकाका अध्यक्ष रमेश बाबु थापा मगर, उपाध्यक्ष इन्दिरा तिवारी, प्रमुख प्रशासकीय अधिकृत बाबुराम मगरसँगै, वडाध्यक्षहरु लगायत जनप्रतिनिधिहरु, विभिन्न शाखाका प्रमुखहरु, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिहरु, पत्रकार तथा नागरिक समाज, उपभोक्ता समितिका अध्यक्ष एवं पदाधिकारीहरु, टोल विकास संस्था, समूह वा सन्जाल, क्लवका प्रमुख एवं प्रतिनिधिहरु, सर्वसाधारण नागरिकहरु लगायतको उपस्थिति थियो । (***सहभागीहरुको विवरण <u>अनुसूची ५</u> मा रहेको छ ।***)

## ६. सहभागीहरुको लिखित तथा मौखिक प्रश्नको जवाफ

सार्वजनिक सुनुवाई कार्यक्रमको खुल्ला छलफलमा सहभागीहरुले उठाएका प्रश्नको पालिका अध्यक्ष रमेश बाबु थापा मगर, उपाध्यक्ष इन्दिरा तिवारी, प्रमुख प्रशासकीय अधिकृत बाबुराम मगर, वडाध्यक्षहरु शरण श्रेष्ठ र बाशुदेव ढकाल, शाखा प्रमुखहरुदे जवाफ दिनुभयो ।

(***खुला छलफलमा सहभागीले उठाएका प्रश्न, गुनासो एवं सुझाव तथा गुनासो उपर दिईएको जवाफ र प्रतिवद्धता अनुसूची ६ मा रहेको छ ।***)

## ७. निश्कर्ष :

सार्वजनिक सुनुवाई कार्यक्रम सौहार्द्धपूर्ण वातावरणमा सम्पन्न भयो । व्यक्तिगत रिसिइवी साँध्ने किसिमले कसैबाट पनि आरोप, प्रत्यारोप र लाञ्छना लगाउने कार्य भएन । कार्यक्रममा व्यापक उपस्थिति भएपनि सहभागीहरुले प्रश्न चाहिँ धेरै राख्नुभएन । कार्यक्रम अवधि भर सबैबाट शिष्ट र सभ्य भाषाको प्रयोग भयो । त्यसैगरी गाउँपालिका र वडाको तर्फबाट पनि आवश्यक जानकारी प्रश्तुत गरिनुका साथै सहजकर्तालाई आवश्यक जानकारीहरु समयमा नै उपलब्ध गराईएको कारण कार्यक्रम जानकारी मुलक र प्रभावकारी किसिमबाट सञ्चालन गर्न सम्भव भयो ।

सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागीहरुबाट गाउँपालिकाका आगामी दिनमा हुने भूमिकाका सन्दर्भमा वडा र टोल तहबाट धेरै प्रश्न तथा गुनासोहरु एवं सुझावहरु आएका छन् । त्यसैगरी कार्यालयको तर्फबाट पनि जिज्ञासा तथा गुनासोको सुनुवाई गरिएको छ । आगामी दिनमा सुझाव र प्रश्नहरुलाई मनन गरी सुधार गर्ने अपेक्षा गरेका छौं । अर्को कार्यक्रम सन्चालन हुँदासम्म अहिले प्रतिबद्धता जनाईएका विषयहरु सम्बोधन हुने विश्वास लिएका छौं ।

शहिद लखन गाउँपालिकाकामा उपभोक्ता समितिसँग पर्याप्त श्रोत नभएका कारण योजनाका काममा भुक्तानी दिन समस्या परेको, योजना र अनुदानका कार्यक्रमहरुमा अनुगमन नपुगेको लगायत गुनासो गरेका छन् । गाउँगाउँमा खानेपानी समस्या र बाटो स्तरोन्नतीमा पालिकाको साथ खोजेका छन् । जग्गा वर्गीकरण नभएका कारण कित्ताकाँट र अंशवण्डामा समस्या भएको सुनाएका छन् । सरकार बनिसकेपछि जनसेवा भने पहिले भन्दा बढेको छ । जिल्ला सदरमुकाम पुग्नुपर्ने काम पालिकाबाट सम्पादन हुँदा संघीयताप्रति जनताको विश्वास बढ्दै गएको अनुभुत भएको छ । तर अझै धेरै विकेन्द्रीकरणको अपेक्षा उनीहरुले गरेका छन् । पालिकामा आइपुगेका सेवा सुविधालाई वडा तहमा विकेन्द्रीकरण गरिदिन प्रमुख माग छ, नागरिकको । आगामी दिनमा ति सुधार हुने विश्वास लिएका छौं ।

## ८. अनुसूचीहरु

# अनुसूची १

***सार्वजनिक सुनुवाई कार्यक्रमको लागि सार्वजनिक सञ्चार माध्यमबाट प्रसारित सूचना***

**शहिद लखन गाउँपालिका, गाउँ कार्यपालिकाको सार्वजनिक सुनुवाई सम्बन्धि अत्यन्तै जरुरी सुचना**

गोरखाको शहिद लखन गाउँपालिकाले नागरिकलाई प्रदान गरेको सेवा प्रवाह र विकास निर्माण कार्यहरु सार्वजनिक गरी ती विषयमा नागरिकहरुले उठाएका प्रश्नहरुको सुनवाई गर्दै रचनात्मक सुझाव ग्रहण गर्न यही मिति २०७९ चैत्र १४ गते वडा नम्बर ८ स्थित सामुदायिक भवनको सभाहलमा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गरिएकोले कार्यक्रममा सहभागी भई आफ्ना प्रश्न, गुनासो तथा सुझाव व्यक्त गरिदिनुहुन गाउँपालिका भित्रका सम्पूर्ण नागरिकहरुमा हार्दिक अनुरोध गर्दछौं ।

**आयोजक**

**शहिद लखन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय**

**घैरुङ, गोरखा ।**

# अनुसूची २

## सार्वजनिक सुनुवाई कार्यक्रममा पालना गर्नुपर्ने आचारसंहिता

१ सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ ।
२ सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्नेछ ।
३ सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम सहित प्रश्न वा जिज्ञासा राख्नुपर्नेछ ।
४ सेवाग्राही सहभागी नागरिकहरु धैरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बुदागत रुपमा छोटकरिमा प्रश्न प्रतिक्रिया राख्नुपर्नेछ र सहजकर्ताले निर्धारण गरेको समय बितेपछि तत्काल प्रस्तुति रोक्नुपर्नेछ ।
५ आफूभन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोऱ्याउन जरुरी हुनेछैन ।
६ चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाइनेछ ।
७ सहभागीले बिना आधार कसैप्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाइने छैन ।
८ सुनुवाइका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाइ राख्न वा बोल्न पाइने छैन ।
९ सुनुवाइलाई बिथोल्ने प्रयास कतैबाट भएको पाइएमा सबै सहभागी मिलेर शालीनतापूर्वक समाधान खोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ ।
१० सुनुवाइलाई विषयान्तर हुन बाट सबै सहभागि सचेत हुनु पर्नेछ ।

# अनुसूची ३

## बहिर्गमन अभिमत र नागरिक प्रतिवेदन

बहिर्गमन अभिमत **(Exit Poll)**

शहिद लखन गाउँपालिका कार्यालय र विभिन्न वडा कार्यालयबाट सेवा लिएर निस्किँदै गरेका सेवाग्राहीसँग सोधेर तयार गरिएको बहिर्गमन अभिमत-सहभागी संख्या ५० जना ।

**१. कार्यालयमा देहायको कुन कामको लागि आउनु भएको हो ?**

| | |
|---|---|
| सिफारिस लिन/पुऱ्याउन | ३८ प्रतिशत |
| योजना सम्झौता गर्न | १४ प्रतिशत |
| सूचनामूलक सामग्री प्राप्त गर्न | २ प्रतिशत |
| कार्यालयले बोलाएर आएको | १२ प्रतिशत |
| योजनाको भुक्तानी लिन | ३६ प्रतिशत |
| योजनाको मुल्यांकन गराउन | २२ प्रतिशत |
| अन्य कुनै भए | २ प्रतिशत |

**२. कार्यालयसम्म आइपुग्न तपाईंलाई कति समय लाग्यो ?**

| आधा घण्टा भन्दा कम | १ देखि २ घण्टा | २ घण्टाभन्दा बढी |
|---|---|---|
| ६६ प्रतिशत | ३२ प्रतिशत | १२ प्रतिशत |

**३. सेवा लिन को सँग सम्पर्क गर्ने भन्नेमा तपाईलाई स्पष्ट जानकारी भयो ?**

| अति स्पष्ट | ठीकै | अस्पष्ट |
|---|---|---|
| ८८ प्रतिशत | १२ प्रतिशत | ० प्रतिशत |

**४. सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ?**

| अति धेरै | ठीकै | थोरै |
|---|---|---|
| ३४ प्रतिशत | ६२ प्रतिशत | ४ प्रतिशत |

**५. तपाई प्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ?**

| मिलनसार र मैत्रीपूर्ण | ठीकै | अभद्र/अमर्यादित |
|---|---|---|
| ४८ प्रतिशत प्रतिशत | ५२ प्रतिशत | ० प्रतिशत |

**६. सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु (प्रमाण–कागजात र शुल्क–दस्तुर) बारे तपाईलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे कि ?**

| अति स्पष्ट गरिदिए | ठीकै | अलमल्ल हुने गरी अस्पष्ट सूचना दिए |
|---|---|---|
| ५६ प्रतिशत | ४२ प्रतिशत | २ प्रतिशत |

**७. तपाईले राख्नुभएका समस्यालाई के–कस्तो समाधान दिए ?**

| | | |
|---|---|---|
| अति सजिलो तरिकाबाट समाधान दिए | ठीकै | समाधान दिन सकेनन् |
| ४४ प्रतिशत | ५६ प्रतिशत | ० प्रतिशत |

**८. सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के–कस्तो लाग्यो ?**

| | | |
|---|---|---|
| अति सजिलो (छोटो) | ठीकै | लामो र झन्झटिलो |
| ३८ प्रतिशत | ५८ प्रतिशत | ४ प्रतिशत |

**पालिकाले गरेका कुनकुन कुरा राम्रो लाग्यो र के कुरा सुधार गर्नुपर्ने देखियो ?**

**<u>राम्रा लागेका कुराहरु</u>**

१. विकासका योजना पहिला पहुँच भएका ठाउँमा जान्थे, अहिले समानुपातिक वितरण गरिएको छ ।
२. लेख्न पढ्न नजान्ने मान्छेलाई कर्मचारी आफैले निवेदन लेखिदिन्छन्, कागजपत्र मिलाइदिन्छन् ।
३. पालिकाले कार्यक्रमहरुको सूचना पठाउन थालेको छ ।
४. गाउँगाउँमा कृषक समूह बनेका छन् । समूह मार्फत बीउ विजन आउन थालेको छ ।

**<u>सुधार गर्नुपर्ने सुझावहरु</u>**

१. पसलै पिच्छे सामानको मुल्य फरक छ । यसको अनुगमन कसले गर्ने हो ?
२. योजनाको अनुगमन समयमै गर्नुपर्‍यो । काम सकिएपछि भुक्तानीमा अड्काउन भएन ।
३. खाब्दी भञ्ज्याङमा कोल्ड स्टोर बनाउने भन्ने सुनिएको थियो । काम के भैरहेको छ ?
४. जग्गाको कित्ताकाट नहुँदा अंशबण्डा गर्न पाइएन । मालपोतमा जाँदा पालिकाले गर्दा रोकिएको भन्छन्, कुरा के भएको हो, स्पष्ट पारिदिनुपर्‍यो ।
५. साना-साना योजनाको सम्झौता र भुक्तानीको व्यवस्था वडाबाटै गरिदिए राम्रो हुन्थ्यो ।
६. बजेट विनियोजन गर्दा योजना पूरा हुने गरी विनियोजन होस् । पहिलो वर्ष बजेट थोरै पर्ने र त्यसपछिका वर्षमा नपर्दा योजनाहरु अधुरा भए । अधुरा योजना पूरा गर्न बजेट राखिदिनुपर्‍यो ।
७. उपभोक्ता समिति दलीय भागबण्डाको आधारमा गठन गरिन्छ । यो काम तुरुन्त अन्त्य होस् ।
८. गाउँपालिकामा भूकम्पपछि कति स्कुल बने ? कति खर्च भयो ? त्यसको अध्यावधिक पालिकाले गरेको छ कि छैन ? शिक्षाको गुणस्तर बढाउन पालिकाले के योजना बनाएको छ ?
९. विद्यालयको दिवा खाजा भनेर सरकारले दिने रकम निकै थोरै भयो । १५ रुपैयाँले खाजा खुवाउन सकिएन । कि बजेट नै हटाइदिनुपर्‍यो, कि पेट भरिने गरी ख्वाउने पैसा दिनुपर्‍यो ।
१०. पालिका कार्यालय वडाबाट धेरै टाढा भयो । हिडेर जान सम्भव छैन, यातायात पनि असुविधा भयो । कुनै बैकल्पिक उपाय छ ?
११. वडा नम्बर ७ मा अघिल्लो वर्ष उत्कृष्ट कृषक भनेर सम्मान गरिएको व्यक्तिको फार्ममा अहिले न खोर छ, न मान्छे गाउँमा छन् । पुरस्कारका लागि किसान छनोटको मापदण्ड के हो ?
१२. पालिकाले दिने कृषि अनुदानमा शिक्षक बढी छनोट भएका छन् । कृषिलाई नै मुल पेशा बनाएकाहरु छोडेर शिक्षकले अनुदान कसरी पाए ?
१३. पालिकाले सामुदायिक भवन बनाएको छ । तर प्रयोगमा आएका छैनन् । माग गरेकै भरमा आवश्यक्ताको मुल्याकंन समेत नगरी योजना दिँदा राज्यको बजेट खेर गयो । पालिकाले ध्यान दिओस् ।
१४. वडा नम्बर ७ को मग्राती टोलमा घरघरै धारा छ तर पानी आउँदैन । घरघरै शुल्क उठाउन नसकेर पानी बन्द भएको छ । अहिले पूरानै सार्वजनिक धाराबाट पानी लिन जानुपरेको छ । लिफ्टिङ योजनामा विजुलीको पैसा पालिकाले तिरिदिन मिल्दैन ?
१५. सरकारले २० युनिटसम्मको विजुली निशुल्क गर्ने भनेको सुनेका थियौं । हाम्रो पालिकामा किन लागू भएन ?
१६. हामीले घरछेउमा वन हुर्काएका छौं । तर एउटा रुख काट्न पनि पाइँदैन । बजारबाट फलाम किनेर काठको काम चलाएका छौं । पालिकाले सहजीकरण गरिदिन मिल्दैन ?
१७. बैंकले कहिले नेट चलेन भन्छ, कहिले सिस्टम चलेन भन्छ । २ मिनेटमा निकाल्न मिल्ने पैसाका लागि ३ दिन धाउनुपर्‍यो, दुख पाइयो ।
१८. उपभोक्ता समितिले बजारका साहु चिन्यो भने काम हुन्छ नत्र हुँदैन । भ्रष्टाचार हुन्छ भनेर पेश्की पालिकाले दिँदैन, सामान ल्याउने पैसा समितिसँग छैन । ऋण खोजेर सामान खरिद गर्नुपर्दा साह्रै समस्या भयो ।
१९. बाँदरले गरिखानै दिएन । घरअघिकै जमिन बाँझो छ, खेती गर्‍यो थन्क्याउन पाईंदैन । नियन्त्रणको उपाय छैन ?
२०. पालिकामा मकैको बीउ बाँडेको सुनेका छौं । बुंकोटमा क-कसले पाए ? किसानले बीउ पाएका छैनन् ।
२१. मल लिन वडामा नाम टिपाएका छौं । अघिल्लो वर्ष पनि मल पाइएन, यो वर्ष पाइन्छ कि पाईंदैन ?
२२. ढाक्रेखोला र छाडखोलाबाट नगरपालिकामा पानी लिफ्टिङ गरेर लगिएको छ । नगरपालिकाले उठाउने रकम मध्ये केही प्रतिशत स्थानीयलाई दिनुपर्‍यो ।
२३. लघुवित्तले बुंकोटमा घरघरै उठिबास लाउने बेला भएको छ । पालिकाले अनुगमन गरिदियोस् ।
२४. बुंकोट अस्पतालमा डाक्टर छैनन् । कहिलेसम्म व्यवस्था हुन्छ ? पालिकाका स्वास्थ्य संस्थाहरुमा सरकारले दिने निशुल्क औषधी पनि पूरै पाईंदैन ।
२५. सुनपानीखोला-घीसेखोला खानेपानी आयोजना कोरोना अघि नै सुरु भएको हो । अहिले काम नै ठप्प छ । योजनाका पाइप पूरै हिनामिना भएको छ । पालिकाले खोजविन गरेर छिटो योजना पूरा गरिदियोस् ।

नागरिक प्रतिवेदन **(Citizen Report Card)**

**शहिद लखन गाउँपालिकाका विभिन्न वडामा पुगेर नागरिकहरुबाट भरिएको प्रतिबेदन-सहभागि नागरिक ५० जना ।**

१. तपाइँले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ?

| सन्तुष्ट | ठीकै | असन्तुष्ट |
|---|---|---|
| ४४ प्रतिशत | ५४ प्रतिशत | २ प्रतिशत |

२. सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?

| सन्तुष्ट | ठीकै | असन्तुष्ट |
|---|---|---|
| ५८ प्रतिशत | ४० प्रतिशत | २ प्रतिशत |

३. पालिकाभित्र रहेका विद्यालयहरुमा निशुल्क पाठ्यपुस्तक पाउनु हुन्छ ?

| निशुल्क पाएका छौं | पैसा तिरेर किन्नु पर्छ | खै थाहा छैन |
|---|---|---|
| ५६ प्रतिशत | ० प्रतिशत | ४४ प्रतिशत |

४. तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ?

| तिरेको छैन | एकदमै कम | धेरै तिरेको |
|---|---|---|
| १०० प्रतिशत | ० प्रतिशत | ० प्रतिशत |

५. तपाईंको पालिकामा रहेका स्वास्थ्य संस्थाहरुमा औषधी र उपकरण पर्याप्त मात्रामा उपलब्ध छन् ?

| उपलब्ध छन् | अलिअलि उपलब्ध छन् | उपलब्ध छैनन् |
|---|---|---|
| ३२ प्रतिशत | ४२ प्रतिशत | २६ प्रतिशत |

६. यस कार्यालयले विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ?

| छ | छैन | अलिअलि थाहा छ । |
|---|---|---|
| ४० प्रतिशत | ४४ प्रतिशत | १६ प्रतिशत |

७. वडा कार्यालयले प्रदान गर्ने सेवाहरु कत्तिको प्रभावकारी छन् ?

| प्रभावकारी छन् | आंशिक प्रभावकारी छन् | प्रभावकारी छैनन् |
|---|---|---|
| ४८ प्रतिशत | ४६ प्रतिशत | ६ प्रतिशत |

**८. यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु पर्‍यो ?**

| १ पटक | २ पटक | सो भन्दा बढी |
|---|---|---|
| ६० प्रतिशत | २६ प्रतिशत | १४ प्रतिशत |

९. कार्यालयको भौतिक अवस्था कस्तो छ ?

| अति राम्रो | ठीकै | नराम्रो |
|---|---|---|
| ४२ प्रतिशत | ५८ प्रतिशत | ० प्रतिशत |

१०. कार्यालयमा भएको नागरिक बडापत्र बारे तपाईलाइ जानकारी छ ?

| छ | आंशिक जानकारी छ | कुनै जानकारी छैन |
|---|---|---|
| ३२ प्रतिशत | १८ प्रतिशत | ५० प्रतिशत |

११. कार्यालय र सेवाग्राही बीचको सम्बन्ध कस्तो छ ?

| अति राम्रो | ठीकै | खासै राम्रो छैन |
|---|---|---|
| ३६ प्रतिशत | ६२ प्रतिशत | २ प्रतिशत |

१२. राजस्व, शुल्क तथा दस्तुर को-कससंग उठाउने गर्दछन् ?

| सबैसँग उठाउँछन् | सीमित व्यक्ति सँग उठाउँछन् | धेरै वक्यौता छ |
|---|---|---|
| १०० प्रतिशत | ० प्रतिशत | ० प्रतिशत |

१३. कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?

| राम्रो | ठीकै | खराब |
|---|---|---|
| ५२ प्रतिशत | ४८ प्रतिशत | ० प्रतिशत |

१४. तपाईको गाउँपालिकामा विकास निर्माणको स्थिति कस्तो छ ?

| राम्रो | ठीकै | खराव |
|---|---|---|
| २६ प्रतिशत | ७० प्रतिशत | ४ प्रतिशत |

१५. सञ्चालन गरेका योजनाहरु कत्तिको प्रभावकारी छन् ?

| प्रभावकारी छन् | ठीकै छन् | प्रभावकारी छैनन् |
|---|---|---|
| १८ प्रतिशत | ४४ प्रतिशत | ३८ प्रतिशत |

१६. योजनाहरु जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ?

| पर्दैन | मागेरै लिन्छन् | रकम नदिए अप्ठ्यारो पार्छन् |
|---|---|---|
| १०० प्रतिशत | ० प्रतिशत | ० प्रतिशत |

१७. पालिकाले ऐन, नियम, कानूनहरु निर्माण गर्दा तपाईलाई बोलाउने गरेको छ कि छैन ?

| बोलाएको छ | अहिलेसम्म बोलाएको छैन | पालिकाले कानून पनि बनाउँछ र ? |
|---|---|---|
| ० प्रतिशत | ५८ प्रतिशत | ४२ प्रतिशत |

१८. कार्यालयमा भएका कर्मचारीमा सीप कस्तो छ ?

| आवश्यक सीप छ | आवश्यकता भन्दा कम छ | सीप निकै कम छ |
|---|---|---|
| ९८ प्रतिशत | २ प्रतिशत | ० प्रतिशत |

१९. गाउँपालिकामा यसअघि सार्वजनिक सार्वजनिक कार्यक्रम भएका छन् कि छैनन् ?

| भएको थाहा छ | खै थाहा छैन | कार्यक्रमबारे जानकारी नै छैन |
|---|---|---|
| ५२ प्रतिशत | ३६ प्रतिशत | १२ प्रतिशत |

२०. यस कार्यालयको वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ?

| धेरै जानकारी पाएको छु | ठीकै जानकारी पाएको छु | कम जानकारी पाएको छु |
|---|---|---|
| ३४ प्रतिशत | ३६ प्रतिशत | ३० प्रतिशत |

# अनुसूची ४

**शहिद लखन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय**
**सार्वजनिक सुनुवाई कार्यक्रम -२०७९**
**कार्यक्रम तालिका**

| क.सं. | समय | विवरण | |
|---|---|---|---|
| १. | | अध्यक्षता ग्रहण | रमेशबाबु थापा-अध्यक्ष |
| २. | | आसन ग्रहण | **प्रमुख जवाफदेही**<br>इन्दिरा तिवारी-उपाध्यक्ष<br>बाबुराम मगर-प्रमुख प्रशासकीय अधिकृत<br>**वडाध्यक्षहरु:**<br>प्रेम गुरुङ-अध्यक्ष, वडा नम्बर १<br>सकुन थापा-अध्यक्ष, वडा नम्बर २<br>दीपक पाण्डे-अध्यक्ष, वडा नम्बर ३<br>यमबहादुर थापा-अध्यक्ष, वडा नम्बर ४<br>यमबहादुर राना मगर-अध्यक्ष, वडा नम्बर ५<br>दिलिपनारायण थापा-अध्यक्ष, वडा नम्बर ६<br>शरण श्रेष्ठ-अध्यक्ष, वडा नम्बर ७<br>बासुदेव ढकाल-अध्यक्ष, वडा नम्बर ८<br>रामकुमार श्रेष्ठ-अध्यक्ष, वडा नम्बर ९<br>**जवाफदेही**<br>राजेन्द्र खनाल -प्रमुख, शिक्षा शाखा<br>सन्तोष लामिछाने -प्रमुख, लेखा शाखा<br>वीरेन्द्र श्रेष्ठ -प्रमुख, स्वास्थ्य शाखा<br>ऋषि रोका -प्रमुख, कृषि शाखा<br>ऋषि रोका -प्रमुख पशु सेवा शाखा<br>पूर्णबहादुर गहतराज-प्रमुख, प्रशासन शाखा<br>राजन रानाभाट-प्रमुख, प्राविधिक शाखा<br>**सहजकर्ता** : प्रकाश ढकाल<br>कार्यपालिका सदस्य तथा अन्य जनप्रतिनिधिहरु<br>**अन्य उपस्थिति**<br>काशिनाथ अंगाई-सभापति, नेपाली कांग्रेस<br>मनोज जोशी-अध्यक्ष, नेकपा एमाले<br>ध्रुब खनाल-उपाध्यक्ष, नेकपा माओवादी |

| | | | |
|---|---|---|---|
| | | | पूर्णजंग भण्डारी-अध्यक्ष, राप्रपा<br>राजेन्द्र न्यौपाने-कोषाध्यक्ष, पत्रकार महासंघ गण्डकी<br>नरहरी सापकोटा-अध्यक्ष, नेपाल पत्रकार महासंघ गोरखा<br>किरण लोहनी-स्टेसन म्यानेजर, च्वाइस एफएम<br>**संघसंस्थाको तर्फबाट**<br>बिषयगत शाखाका अन्य प्रमुख प्रतिनिधीहरु, कार्यालयका कर्मचारी तथा वडा सचिवहरु, प्राविधिकहरु, नागरिक समाज, उपभोक्ता समिति, टोल विकास समिति, विभिन्न समूह तथा संजाल, विव्यस, शिक्षक तथा सर्वसाधारण नागरिकहरु । |
| ३. | | स्वागत तथा कार्यक्रमबारे जानकारी | इन्दिरा तिवारी-उपाध्यक्ष |
| | सार्वजनिक सुनुवाईको चरणमा प्रवेश | | |
| | सेवा प्रवाह र विकास निर्माणका बारेमा जानकारी | | बाबुराम मगर-प्रमुख प्रशासकीय अधिकृत<br>वडा सचिव-वडा नम्बर ७<br>वडा सचिव-वडा नम्बर ८ |
| ४. | | आचार संहिता जानकारी | : सहजकर्ता |
| ५. | | नागरिक प्रतिवेदन र बहिर्गमन अभिमत | : सहमत मिडिया प्रालि |
| ६. | | लिखित र मौखिक प्रश्न संकलन | : सहजकर्ता |
| ७. | | प्रश्न तथा गुनासो स्पष्ट | रमेशबाबु थापा, अध्यक्ष<br>इन्दिरा तिवारी, उपाध्यक्ष<br>बाबुराम मगर, प्रमुख प्रशासकीय अधिकृत<br>वडाध्यक्षहरु<br>शाखा प्रमुखहरु |
| ८. | | थप जिज्ञासा आह्वान | : सहजकर्ता |
| ९. | | थप जिज्ञासामा स्पष्टता | बाबुराम मगर, प्रमुख प्रशासकीय अधिकृत<br>इन्दिरा तिवारी, उपाध्यक्ष<br>रमेशबाबु थापा, अध्यक्ष |
| १०. | | धन्यवाद सहित समापन | कार्यक्रम अध्यक्ष |
| ११. | | चियापान | |

# अनुसूची ५

## कार्यक्रमका केही तस्वीरहरु




सार्वजनिक सुनुवाई
कार्यक्रम-२०७९










सेवा प्रवाह र विकास निर्माणका विषयमा आयोजित
सार्वजनिक सुनुवाई
२०७९






































सार्वजनिक सुनुवाई
कार्यक्रम-२०७९

# अनुसूची ६

## सार्वजनिक सुनुवाई कार्यक्रममा नागरिकहरुले उठाएका प्रश्न, गुनासो तथा सुझाव एवं कार्यालयको तर्फबाट व्यक्त गरिएका प्रतिवद्धताहरु

| | नामथर | प्रश्न वा जिज्ञासा | जवाफ तथा स्पष्टता |
|---|---|---|---|
| १. | शेर ब. विक | ➢ सरकारी स्कुलमा विद्यार्थी घटेका छन् । शैक्षिक गुणस्तर छैन । स्थिति विकराल भैसक्यो, पालिकाको योजना के छ ? | ➢ शिक्षा क्षेत्र पालिकाले मात्रै सुधार्न सक्दैन । सबैभन्दा पहिले अभिभावकहरुले ध्यान दिनुपर्‍यो । हामी आवश्यक प्रबन्ध गर्छौं । |
| २. | मदन प्रसाद लम्साल | ➢ खाब्दी भञ्ज्याङमा पञ्चायतकालमै भनेको घरेलु उद्यम संस्था छ । पहिले यसैबाट काम गरेर धेरैले जीवन चलाएका थिए । अहिले अलपत्र अवस्थामा छ । कसले व्यवस्थापन गर्ने हो ? पालिकाको योजना छ कि छैन ? | ➢ यसको खोजी पालिकाले पनि गरिरहेको छ । जग्गा संघ सरकारसँग छ, पालिकाले जग्गा प्राप्तीका लागि सिफारिस गर्छ । मालपोतमा गएर कित्ता नं. र क्षेत्रफल हेर्छौं । अनि अघि बढ्छ । |
| ३. | गणेश प्रसाद श्रेष्ठ | ➢ खाब्दी भञ्ज्याङ हुँदै तिवारी गाउँदेखि ज्यादुल खोला जोड्ने कृषि सडक कहिले बन्छ ? बाटो राम्रो नहुँदा उत्पादन गरेको फसल ल्याउन पाइएन ।<br>➢ खाब्दी भञ्ज्याङको सडक नाका खुल्न सकेन । नाका नखुल्दा धेरैलाई असहज भएको छ । पालिकाले ध्यान दिनुपर्‍यो । | ➢ यो सडक छिटै स्तरोन्नती गर्छौं । हाम्रो मात्रै श्रोतले नपुग्ने भएर ढिलो भएको हो । डीपीआर गरेर संघ र प्रदेशसँग बजेट माग गर्छौं ।<br>➢ नाका खुलाउन सम्बन्धित धनीले पनि सहयोग गरिदिनुपर्‍यो । पालिकाले पैसा तिरेर सम्पत्ति किन्न सक्दैन । |
| ४. | पूर्णजंग भण्डारी | ➢ योजनाका कामहरुमा समयमै अनुगमन गरिदिनुपर्‍यो । काम सकिएपछि आएर न गुणस्तर हुन्छ, न उपभोक्ता समितिलाई सजिलो हुन्छ ।<br>➢ पालिकाले बाँडेको अनुदानबाट आय आर्जन हुने गरी काम भएको छैन । अनुदान कार्यक्रमको अनुगमन गरेर अध्यावधिक गर्नुपर्‍यो । पालिकाको अनुदानबाट पाएको ट्याक्टर व्यक्तिले पेवा बनाएर राखेका छन् ।<br>➢ मल कसले उपलब्ध गराउने हो ? किसानले मल नपाएर खेती गर्न छोडिसके । | ➢ अनुगमन हामीले गरिरहेका छौं । ५ लाख भन्दा साना योजनाको अनुगमन वडाले गर्छ, त्यो भन्दा ठूलो पालिकाले गर्छ । अझै चुस्त बनाउने प्रयास गर्छौं ।<br>➢ अहिलेसम्म कसले के अनुदान पायो र के काम गरिरहेको छ भनेर विवरण अद्यावधिक गर्दै छौं । अब हामी अनुदान बाँड्ने पक्षमा छैनौं । उत्पादनका आधारमा अनुदान दिने हो । पहुँचवालाले पाउँदैनन् ।<br>➢ मल हाम्रो बशमा मात्रै छैन । हामी प्रांगारिक मलमा जोड दिऔं । |
| ५. | नारायण प्रसाद रेग्मी | ➢ बसाई सराईले गाउँ रित्तो भयो । केही गाउँहरुमा अहिले मान्छे बस्न छोडेका छन् । पालिकाले बसाईंसराई रोक्ने कार्यक्रम ल्याएको छैन । बेलैमा ध्यान पुगोस् । | ➢ फुरुन्डाँडाको बस्ती खाली भएको पालिकाले थाहा पाएको छ । यस्ता समाचार सुन्दा दुख लागेको छ । हामी छिटै गाउँमा आएर बैठक बस्छौं र के गर्दा उहाँहरु फर्किने अवस्था हुन्छ, त्यो गर्न तयार छौं । |
| ६. | गणेशमान श्रेष्ठ | ➢ चण्डीका आधारभुत स्कुलको भवन कहिले पूरा हुन्छ ? भवन निर्माण सुरु भएर अहिले बजेट अभावमा अलपत्र छ । | ➢ भवन पूरा गर्न पालिकाले आवश्यक सबै समन्वय गर्छ । जग्गाको समस्याले केही समय रोकिएको हो, पूरा हुन्छ । |
| ७. | चित्र बहादुर पुलामी | ➢ निम्जुङ गाउँमा खानेपानी मुहानमा विवाद हुँदा पहिले परेको योजनामा पनि काम भएन । अहिले विवाद अन्त्य भएको छ, उपभोक्ता समिति बनेर वडामा निवेदन दिएका छन् । योजना पर्छ कि पर्दैन ? | ➢ खानेपानीबाट कोही नागरिक पनि बञ्चित हुनुपर्दैन । वडामा निवेदन आएको छ । हामी पालिकाको बजेटले सक्ने भए पालिकाबाटै र नसक्ने भए संघ र प्रदेश गुहारेर भएपनि काम पूरा गर्छौं । |

| | | | |
|---|---|---|---|
| | | ➢ योजनाहरुमा गुणस्तर छैन। खाब्दी भञ्ज्याङ नजिकै बाटो ढलान गर्दा माटोमाथि गरेका छन् । यसो नगर भन्दा आदेश यस्तै छ, भन्छन्। अनुगमन पनि भएको छैन। योजना पास भएको सुनेको छु । पालिकाको नजर किन पुगेन ?<br>➢ शहिद स्मृति स्कुलका शिक्षकलाई अनुदानमा ल्यापटप दिइएको थियो । उक्त ल्यापटप शिक्षकले आफ्ना छोराछोरीलाई चितवन र काठमाडौं पुऱ्याएका छन् । यसको खोजी गरियोस् । | ➢ यो योजना पालिकाको होइन, प्रदेश सरकारको हो । कार्यान्वयनको समयमा प्रदेशले पालिकासँग समन्वय गर्दैन । अनुगमनको अधिकार पनि हामीलाई छैन। तर यो योजनामा के भएको रहेछ, हेरौंला । गलत भए कारबाहीको सिफारिस गर्छौं।<br>➢ शिक्षण सिकाईलाई सहज होस् भनेर ल्यापटप दिइएको हो। छोराछोरीलाई दिन मिल्दैन। यदी त्यसो भएको रहेछ भने हामी छानविन गर्छौं । दोषी देखिए नियमानुसार कारबाही हुन्छ। |
| ८. | चन्द्र कुमार श्रेष्ठ | ➢ बुंकोटमा भैंसी प्रबर्द्धन कार्यक्रम लागू भएको छ । विपन्नलाई ५० प्रतिशत अनुदानमा भैंसी उपलब्ध गराउने कार्यक्रममा पहिला भैंसी किनेर किसानले पैसा लिन पालिका जानुपर्ने व्यवस्था छ । तर पैसा नभएकै कारण किसानले भैंसी किन्न सकेनन्, उधारो भैंसी पनि पाईंदैन। | ➢ सबै बजेट सरकारले दिँदैन । तपाईंहरुकै हितका लागि यो कार्यक्रम राखिएको हो। अनुदान भनेपछि हत्ते गरेर लिन पुग्ने, आफुँले हाल्नुपर्ने भएपछि गाह्रो मानेको हो । कार्यविधिमा जे व्यवस्था छ, सोही अनुसार गर्नुस् । भैंसी खरिद गरेपछि बाँकी अनुदानको रकम पालिकाले दिन्छ। |
| ९. | लिलकुमार श्रेष्ठ | ➢ पालिकाले दिएको अनुदानको ट्याक्टर डुब्लिकेट पऱ्यो । एकदुई पटक जोतेपछि बिग्रिन्छ।<br>➢ पालिकाले दिने सीपमुलक तालिम खाजा खाएरै सकियो । अहिलेसम्म कतिले तालिम लिए ? काम गरेका छन् कि छैनन् ? | ➢ सामान डुब्लिकेट र ओरिजिनल हामीले पनि चिन्दैनौं। बिग्रिएको ट्याक्टर मर्मतका लागि पालिकाले वडैपिच्छे २ जनालाई तालिम दिएको छ। अब सजिलो हुन्छ।<br>➢ निकै सान्दर्भिक प्रश्न उठाउनुभएको छ । तालिम लिएकाले काम गरे नगरेको अनुगमन गर्दैछौं। अब तालिम दिंदैनौं। |
| १०. | ज्ञान बहादुर रम्तेल | ➢ अहिले गाउँका स्कुलहरुमा पिछडा बर्गका मान्छे मात्रै पढ्छन् । हामीले अघिल्लो बजेटमा उनीहरुको पढाई र आवासका लागि बजेट माग्यौं । वडाले छुट्यायो तर पालिकाले रोकेको सुनेका छौं। के हो कुरा ? किन रोकियो ?<br>➢ जनसहभागिता जुटाउन समस्या भयो । योजना कार्यान्वयन गर्नै सकिएन। | ➢ यो हामीले रोकेकै हो । सीमित शिक्षकले पढाउने नाममा बजेट सक्ने काम मात्रै देख्यौं । स्कूलको संरचना र शिक्षाको गुणस्तर बढाउन पालिकाले धेरै कार्यक्रम ल्याएको छ। बरु शिक्षकहरुलाई जिम्मेवार बनाउनुस्।<br>➢ यो हामीले पनि महसुश गरेका छौं। गाउँमा बृद्धबृद्धा र बालबच्च मात्रै छन्। पालिकाले के गर्दा सहज हुन्छ हेरौंला। |
| ११. | कृष्णमाया खनाल | ➢ वडाले ५० हजार दिएर गाउँमा सिंढी बाटो बनायौं। पैसा ४५ हजार मात्रै आयो। त्यही पनि ६ हजार अहिले बेरुजु निकालिदिएको छ । हामीले कहाँबाट ल्याएर तिर्ने ? जनतालाई दुख दिन मिल्छ ? | ➢ तपाईंहरुले गर्नुभएको कामको परिमाण नपुगेको होला। के कारणले बेरुजु लेखेको रहेछ, हेरौंला । नियतबश कसैले बेरुजु लेख्दैन, गलत नै भएको होला। बरु छिटो बेरुजु रकम भुक्तानी गर्नुस्। |
| १२. | जनक राना मगर | ➢ योजना टिपेर लगेपछि यो कार्यक्रम किन आयो ? योजना अघि नै आउनुपर्ने होइन ? | ➢ यो सार्वजनिक सुनुवाई हो । योजनाका काममा तपाईंका गुनासा छन् कि भनेर सुन्न आएका हौं। |
| १३. | रामकुमार श्रेष्ठ | ➢ भैंसी पकेट क्षेत्रको कार्यक्रम सहकारीले सञ्चालन गर्ने भनिएको थियो । अहिले व्यक्ति केन्द्रित भएको छ । यसरी व्यक्ति | ➢ सुझाव मननयोग्य छ । सहज हुनेगरी किसानले लाभ पाउने गरी कार्यक्रम कार्यान्वयन हुन्छ । कार्यविधि अनुसार नै |

| | | | |
|---|---|---|---|
| | | व्यक्तिलाई दिँदा अनुगमनमा पनि समस्या हुन्छ । पालिकाले ख्याल गरोस् । | कार्यक्रम गर्नुपर्छ । बरु गल्ती कसैले गरे, खवर दिनुहोला । |
| १४. | मीना श्रेष्ठ | ➢ पालिकाका तालिम हामीलाई थाहा हुँदैन । निश्चित मान्छेलाई बोलाउँछन् र तालिम दिएर पठाउँछन् । उनीहरुले केही काम पनि गरेका छैनन् । | ➢ तालिममा सूचना कमी छैन । अहिले पनि अर्को तालिम चल्दैछ, सूचना गरेको सहभागी पुगेको छैन । अगाडी वास्ता गर्नुहुन्न, पछि पाइनँ भनेर गुनासो गर्नुहुन्छ |
| १५. | मनोज जोशी | ➢ मनकामना मन्दिरको भेटी पालिकाले किन नियमन गरेन ? सीमित व्यक्तिले करोडौं रकम खाएका छन्, पालिकाले नियमन गर्न सकेको छैन ।<br>➢ ढुंगागाडेदेखि बुंकोट, नामजुङ हुँदै मनकामना जोड्ने बाटो किन अघि बढेन ? नामजुङ पुगेर रोकिएको छ । हिजो कोरोना भनेर अड्कियो, अहिले कनि अघि बढेन ? रामशरण बस्नेत मन्त्री हुँदा नामजुङसम्म काम भयो, पछि भएन । | ➢ मनकामनाको भेटी व्यवस्थापनको जिम्मा संघ सरकार मातहत पर्छ । हामीले केही गर्न सक्दैनौं ।<br>➢ यो बाटो रामशरण बस्नेतले होइन, लेखबहादुर थापाले एक निर्वाचन क्षेत्र एक सडक कार्यक्रम मार्फत हाल्नुभएको बजेट हो । यस्ता कुरामा राजनीति नगरौं । अहिले खगीसम्म पालिकाले नै पीच गर्ने गरी ठेक्का सम्झौता भएको छ । त्यसपछिको बाटो पनि प्रदेश र संघसँग मिलेर कालोपत्रे गर्न प्रयास गर्छौं । |

**नागरिक प्रतिवेदन र बहिर्गमन अभिमतका विषयमा पालिका अध्यक्ष र उपाध्यक्षले जनाएका प्रतिबद्धताहरुः**

**बजार अनुगमन भएनः**

यसको अनुगमन गाउँपालिकाले गर्ने हो । अब उपभोक्ता हित संरक्षण समिति गठन गर्नुपर्ने छ । संघ सरकारले ऐन कानून बनाएको छ, वडामा पनि यो समिति बनाउन म निर्देशन दिन्छु । यो समितिले निरन्तर अनुगमन गर्छ । पालिकाभरी दररेट एउटै हुनुपर्छ ।

**कित्ताकाट नहुँदा अंशबण्डा गर्न पाइएनः**

सही कुरा हो । यो १५ गतेसम्म वडामा जग्गा बर्गीकरणको लागि छलफल भएर आउँछ । १० ढंगले जग्गाको बर्गीकरण गर्नु भनेर आएको छ । वडाले एउटा मापदण्ड बनाएर पठाउँछ अनि गाउँ कार्यपालिकाले छलफल गरेर टुंगो लगाउँछ । छिटै अगाडी बढाउने प्रयत्नमा छौं ।

**साना योजनाको सम्झौता र भुक्तानी वडाबाटै होस्ः**

हामीले २ लाखसम्मको सम्झौता वडाबाटै गर्ने व्यवस्था मिलाएका छौं । भुक्तानीको व्यवस्था अलि समस्या रहेछ । बरु साना योजना संकलन गरेर सचिव वा जनप्रतिनिधिलाई फाइल पठाएर फर्स्यौट गर्ने वातावरण बनाउन सकिन्छ । पालिकाले सहजीकरण गर्छ ।

**बजेट नपुगेर योजना अधुरो भयोः**

अब स्टिमेटका आधारमा बजेट विनियोजन गर्नुपर्छ । टुक्रे योजना पालिकाको प्राथमिकतामा छैन । देखिने योजनाको काम गर्नुपर्छ । डीपीआर गरेर कति बजेट चाहिने हो, त्यो माग गरौं ।

**उपभोक्ता समिति दलीय भागबण्डामा बन्योः**

यस्तो भएको छैन । आरोप मात्रै हो । टोलमा हामी पुग्छौं, सबैलाई भेला गरेर समिति बनाउँछौं । बरु समस्या भए त्यो दिन स्थगीत गरेर पछि बनाउनुस् । तर दलीय भागबण्डामै बनाएको चाहिँ छैन जस्तो लाग्छ । कमजोरी भएको रहेछ भने सुधार्छौं । समिति तपाईंहरुले नै बनाउने हो, सहजीकरण कर्मचारी र जनप्रतिनिधिले गर्ने हो ।

**स्कूल भवन कति बन्यो ? अध्यावधिक छ कि छैन ?**

पालिकाभरिका सबै भवन बन्यो । ३ स्कुलमा बाँकी छ । यो पनि संघ र प्रदेशलाई भनेका छौं । अभिलेखिकरण पालिकाले नै गर्नुपर्छ । तर हामीलाई विवरण कसैले दिएको छैन । जिल्ला समन्वय समितिमा छ यसको विवरण । हामी मागेर अध्यावधिक गर्छौं । यो गर्न जरुरी छ ।

**दिवा खाजाको रकम थोरै भयोः**

यो बजेट कम होइन । विद्यार्थी संख्या घटे भनेर बढाउनका लागि ल्याइएको कार्यक्रम हो । सरकारले बजेट दिएको छ, अलिअलि योगदान अभिभावकले पनि गरे हुन्छ । यसको सदुपयोग गरौं । १० जना विद्यार्थी भएको ठाउँमा कार्यालय सहयोगी राखेर १५ हजार तलव दिएको छ । पहिले जस्तो उहाँहरुलाई पनि समस्या छैन । पहिले पानी टाढा थियो, सबै विद्यार्थीलाई पानी बोकेर सहयोगीले पुर्‍याउनुपर्थ्यो, सरसफाई उहाँले नै गर्नुपर्थ्यो । अहिले पानी स्कुलमै पुगेको छ । सरसफाई पनि विद्यार्थीले गर्छन् । कमसेकम विद्यार्थीलाई खाजा बनाएर उहाँले नै खुवाउनुपर्‍यो । अभिभावकले पनि सहयो गरे हुन्छ । स्थानीय उत्पादन स्कुलले किनोस्, सस्तो पर्छ । हामीले ठेक्का दिएर विग्रिएको हो । १५ रुपैयाँमा पकाउने र भाँडा माझ्नेले २ रुपैयाँ खान्छ, अझै अलिअलि आँखा लाए १ रुपैयाँ घट्छ । यसरी आँखा लाउन भएन । १५ रुपैयाँ धेरै राम्रो रकम हो ।

**सामुदायिक भवन प्रयोगमा आएनः**

धेरै भवन बनेका छन् । यसको प्रयोग भए नभएको हेर्छौं । हाम्रो ध्यानाकर्षण भएको छ ।

**मग्राती टोलमा लिफ्टिङ आयोजनालाई सहुलियत दिनुपर्नेः**

लिफ्टिङ योजनाका लागि प्रदेशले केही रकम दिन्छ । निवेदन लेखेर वडा हुँदै पालिकामा ल्याउनुस्, हामी प्रदेशमा पठाउँछौं । पानी तान्दा पनि 'पिक आवर' मा नतान्नुस्, विहानपख तान्यो भने महशुल सस्तो पर्छ । समितिहरु पालिकामा नवीकरण गर्नुस् । धेरैले नवीकरण गर्नुभएको छैन ।

**२० युनिटसम्मको विजुली निशुल्कः**

२० युनिट होइन, मिटर बक्स जडान गरेपछि ८० तिर्नुपर्ने व्यवस्था थियो । अहिले ३० रुपैयाँमा झारेको छ, न्यूनतम दररेट । ९ युनिट भन्दा कम प्रयोग गर्नेलाई थोरै शुल्क छ, बढी प्रयोग गरे उसलाई महंगो छ । सहुलियत दिएको छ, सरकारले ।

**वन हुर्काएका छौं, प्रयोग गर्न पाइएनः**

हुर्काएको वन प्रयोग गर्न पाइन्छ । उपभोक्ता समिति बनेको छ, समितिसँग समन्वय गरेर रुख काट्न पाइन्छ । तर वातावरणलाई असर पर्नु हुन्न । यो निजी वनकोकुरा पनि हो जस्तो लाग्छ, निजी वनको कानून बनाउन प्रक्रिया अघि बढिरहेको छ । सामुदायिक वन महासंघले पहल गरिरहेको छ । छिटै संघ सरकारले कानून बनाओस्, हामी आवाज लैजान्छौं ।

**बैंकले सिस्टम चलेन भनेर दुख दियोः**

यो समस्या अहिले छैन । १ महिना अगाडी यो समस्या थियो । १ हप्तासम्म समस्या भयो । बैंकले विना कारण दुख दिएको होइन रहेछ । त्यो बेलामा नेट गएर सफ्टवेयर विग्रिएको रहेछ । अहिले समाधान भैसकेको छ । खाब्दी भञ्ज्याङमा एउटा बैंक ल्याउने कि भनेर पहल गरेका छौं । अहिले देशव्यापी समस्याले रोकिएको हो । सहज हुने वित्तिकै बाणिज्य बैंकको शाखा ल्याउँछौं ।

**पेश्की नपाउँदा काम गर्न सकिएनः**

पेश्की दिँदा संघ सरकारले नै बेरुजु हुन्छ भनेको छ । हामीले दिन मिल्दैन । तर जसले काम गरेको छ, बीचमा रनिङ विल अनुसारको रकम उपलब्ध गराउछौं । तर छिटो काम सकेर भुक्तानी लिनु नै सबैभन्दा उत्तम उपाय हो ।

**बाँदरले गरिखान दिएनः**

बाँदर रोकथामका लागि शहिद लखन गाउँपालिकाले जंगलमा फलफूल विरुवा लगाउने कार्यक्रम राखेको छ। सामुदायिक वन उपभोक्ता संघ मार्फत समी, बेलौती, आँप, बर, पिपल लगाउन कार्यक्रम बनाएका हौं। बजेट विनियोजन भएको छ, सूचना निस्किन्छ। तपाईंहरुले पनि निवेदन दिनुस् र कार्यक्रम सुरु गर्नुस्।

**मकैको बीउ बाँडेको सुनेका छौं, हामीले पाएनौंः**

मागका आधारमा बीउ बाँडेका छौं। यो पकेट क्षेत्रमा मात्रै वितरण भएको छ। मकैको पकेट क्षेत्र ४, ५, ६ र ९ नम्बर वडा मात्रै हो। अरुले पाउनुभएको छैन। मकै पकेट भनेर अरु वडामा वितरण गरेको बजेट अन्य वडाले लैजान पाईंदैन। कसैले लगेको रहेछ भने पालिकाले फिर्ता ल्याउँछ।

**ढाक्रेखोला र छाङखोलामा लिफ्टिङ गरेर पानी लगेको छ, हामीले पनि रकम पाउनुपर्‍योः**

यो निकै सान्दर्भिक कुरा हो। त्यतिबेला कसरी सम्झौता भएको छ, हामी बुझ्छौं। पहिलो प्राथमिकता पिउने पानी हो, दोश्रो गाइबस्तु र वन्यजन्तु तथा तेश्रो प्राथमिकता बल्ल खेतीपातीलाई दिइएको छ। यो सम्झौता गरेर नै गएको छ। वडा र पालिकाले समन्वय गरेर त्यो सम्झौता हेर्छौं। पाउने व्यवस्था रहेछ भने ल्याउन पहल गर्छौं। रकम लिन भन्दा केही काम गरिदेउ भनेर आग्रह गर्न सकिन्छ। गोरखाको खानेपानी र यहाँका स्थानीयसँग बसेर समझदारीमा लिन मिल्ने रहेछ भने लिन पहल गर्छ।

**लघुबीत्तले उठिबास लगायोः**

यो समस्या पालिकाभरी छ। पालिकाले पनि लघुबीत्तसँग बैठक बस्छ। वडाले पनि गरोस्। ऋण पाएपछि लिइहाल्ने वानी कम गरौं। लघुबीत्तले महिला मात्रै खोजेर ऋण लगानी गर्ने रहेछ। पुरुष हुँदा आलोचना हुन्छ भनेर यस्तो गरेको हुन सक्छ। सुरुमा नचाहिए पनि ऋण लिन लाउने र पछि उठाउन गाह्रो भएको हो। हामीले पनि एक कामका लागि भनेर ऋण लिने र फजुल खर्च गर्ने गरेका छौं। यो रोकिनुपर्छ।

**बुंकोट अस्पतालका डाक्टर कहाँ गए ?**


हाम्रो दरबन्दी तेरिज अनुसार स्वास्थ्यकर्मीको दरबन्दी छ। यहाँ विश्व श्रेष्ठ हुनुहुन्थ्यो, उहाँको बढुवा भएपछि एकै ठाउँमा एउटै पदका दुईजना बस्न मिलेन। उहाँलाई अहिले गाउँपालिका लगेका छौं, यहाँ रिक्त दरबन्दीका लागि सूचना निस्किएको छ। छिटै पूर्ण हुन्छ। निशुल्क औषधी नपाएको कुरा पनि केही समयअघिको हो। पालिकाले ११७ थरीको औषधी वितरण गरिरहेको छ। जेष्ठ नागरिकलाई घरदैलोमै पुगेर औषधी दिएका छौं। अहिले औषधी खरिद प्रक्रिया अघि बढेको छ। केही दिनमा समाधान हुन्छ।


**सुनपानीखोला–घीसेपानी खानेपानी किन अड्कियो ?**


के भएर रोकिएको रहेछ हेरौंला, बुझौंला। पाईप हिनामिना भएको कुरा पनि अनुगमन गरेर के कारणले काम रोकिएको हो प्रक्रिया अघि बढाउन प्रयत्न गर्छौं।


# अनुसूची ७

## सार्वजनिक सुनुवाई कार्यक्रमको उपस्थिति









# अनुसूची ७

## सार्वजनिक सुनुवाई कार्यक्रमको समाचार

४ दरौंदी दैनिक पत्रिका चैत्र १४ गते मंगल

### शहीदलखनमा सर्वाजनिक सुनुवाई : अनुगमनमा जोडदिनुपर्ने सुझाव

दरौंदी समाचारदाता
चैत्र १४, गोरखा

गोरखाको शहीदलखन गाउँपालिकाका स्थानीयले पालिकाले संचालन गरेका योजना र कार्यक्रमको प्रभावकारी अनुगमन गर्नुपर्नेमा जोड दिएका छन् । सोमबार शहीदलखन गाउँपालिका ८ बुङकोटमा आयोजित सार्वजनिक सुनुवाईमा सहभागीले गाउँपालिका, वडाबाट वितरण भएको अनुदान लिनेहरुले पेशा व्यवसाय नै छाडेको, सच्चा किसानले भन्दा टाठाबाठाले अनुदान पाएको गुनासो गरेका थिए ।

'अनुदान पाएकाले आयआर्जन हुने गरी काम गरेनन्' स्थानीय पूर्णजंग भण्डारीले भने 'विकास निर्माणको काममापनि समयमै अनुगमन गरेर सुझाव दिनुभयो भने सुधार गर्न सजिलो हुन्छ, काम सकिएपछि दिएको सुझावले सुधार खासै नहुने रहेछ ।'

शहीदलखन ६ दार्वेका नारायणप्रसाद पंगेनीले विद्यालयहरुको सही अनुगमन हुन नसकेको बताए । 'कुनै कार्यक्रम भयो आउनुहोला तर अन्य समयमा विद्यालय अनुगमन गर्न पालिकाबाट कोही आउनुहुन्न', उनले भने ।

कृषिको अनुदान शिक्षकहरुले धेरै पाएको, विकास निर्माणको काम भएको ठाउँमा प्राविधिक र जनप्रतिनिधि सायमै नहुँदा गुणस्तरीय काम नभएको गुनासो सर्वसाधारणको मत सर्वेक्षणका क्रममापनि आएको थियो ।

स्थानीयको गुनासोपछि गाउँपालिका



उपाध्यक्ष इन्दिरा तिवारीले पाँच लाखसम्मको योजना वडा स्तरबाट र सोभन्दामाथिको पालिकाको अनुगमन समितिले हेर्ने गरेको बताईन् । साथै उनले अनुदानको सही प्रयोग नगरेका लाभग्राहीलाई सचेत गराउने गरेको उनले बताए ।

गाउँपालिका अध्यक्ष रमेशबाबु थापा मगरले गाउँपालिकाले दिंदै आएको अनुदानको सही सदुपयोग नभएको गुनासो आएको बताउँदै आगामि वर्षदेखि अहिलेजस्तो तरिकाले अनुदान वितरण नहुने बताए । 'अब पालिकाले उत्पादनमा आधारित अनुदान दिन्छ, अनुदान लिने र सही प्रयोग नगर्ने, कर्मचारीलाई देखाउन मात्रै गरेजस्तो गर्ने प्रवृत्ति बढेको छ ।' अनुदान लिनेहरुपनि सचेत हुनुपर्ने उनले बताए ।

गाउँपालिका अध्यक्ष रमेशबाबु थापाको अध्यक्षतामा भएको कार्यक्रममा सहभागीले पालिकाभित्र बसाईंसराई बढेको, विद्यालयमा विद्यार्थी संख्या घटेको विषयमा गुनासो गरेका थिए । साथै उनीहरुले सडक निर्माण छिटो गरिदिनुपर्ने, विद्यालय भवन निर्माण लगायत संरचना तयार हुनुपर्ने जस्ता विषयमा जोड दिएका थिए ।

शहीदलखन गाउँपालिकाले दोस्रो चौमासिकसम्म ४० प्रतिशत बजेट खर्च गरेको प्रमुख प्रशासकीय अधिकृत बाबुराम मगरले बताए । ३९ करोड ९१ लाख बजेट रहेको शहीदलखन गाउँपालिकाले चालुतर्फ २१ करोड १८ लाख र पुँजिगततर्फ छ करोड ४७ लाख खर्च गरेको उनले बताए । 'अहिले धमाधम काम र भुक्तानी पनि भईरहेकाले खर्च प्रतिशत बढेको छ' उनले भने । गाउँपालिकाबाट संचालन भएका अधिकांश योजना सम्पन्नको चरणमा रहेको उनले बताए ।

सहभागीको प्रश्नको वडा अध्यक्षहरु शरण श्रेष्ठ, बासु ढकाल, प्रमुख प्रशासकीय अधिकृत बाबुराम मगर, उपाध्यक्ष इन्दिरा तिवारी, अध्यक्ष रमेश थापा मगर लगायतले जवाफ दिएका थिए । सहमत मिडिया प्रालिका संचालक प्रकाश ढकालले उक्त कार्यक्रमको सहजिकरण गरेका थिए ।

समाप्त ।